नवलपुरको एकमात्र राष्ट्रिय दैनिक पत्रिका
हात हातमा हुलाकी, घर-घरमा सन्देश

# हुलाकी पत्र

Hulaki Patra National Daily News Paper

www.hulakionline.com
जि.प्र.का.न.प.द.नं. ३९/२०७३/०७४

**मनास्लु मिल्क**
पास्चराइज गरिएको शुद्ध र ताजा दुध, दही, घ्यू, पनिर, बटर, क्रम, लगाएत दुध जन्य पर्दाथका लागि मनास्लु मिल्क ।
मो. ९८५७०४०९४२

■ बर्ष : ४ ■ अंक : २९२ ■ शुक्रबार १ असोज २०७८ ■ FRIDAY 17 SEPT. 2021 ■ पृष्ठ संख्या : ४ ■ मूल्य रू. ५/-

## पुनर्निर्माणको काम नसकिदै कार्यालय वन्द

■ रामकुमार श्रेष्ठ
कावासोती

२०७२ साल बैशाख १२ गतेको महाविनाशकारी भुकम्पले क्षति भएका संरचनाहरू निर्माणका लागि गठन गरिएको राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको जिल्ला आयोजना कार्यान्वयन ईकाई कार्यालय विहीबारबाट बन्द भएको छ ।

नवलपुर सहित देशका ३१ वटै जिल्लाका ईकाई कार्यालय बन्द भएका हुन् । इकाई कार्यालय बन्द भएपछि पुनर्निर्माण बाँकी रहेको सेवाग्राहीहरू अलपत्र परेका छन्।

पूर्वी नवलपरासी र पश्चिम नवलपरासी हेर्ने कावासोतीमा रहेको राष्ट्रिय पुनर्निर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन इकाई कार्यालय र जिल्ला आयोजना कार्यान्वयन इकाई (शिक्षा) कार्यालय नवलपुर दुवै विहीबारबाट बन्द भएको छ ।

जिल्ला आयोजना कार्यान्वयन इकाई कार्यालय नवलपुरले कार्यालयमा



रहेका जिन्सी तथा फर्निचरहरू चितवनमा रहेको सघन सहरी विकास तथा भवन निर्माण आयोजनालाई हस्तान्तरण गरेको छ ।

जिल्ला आयोजना कार्यान्वयन इकाई नवलपुरका प्रमुख राजेन्द्र कार्कीले विहिबारदेखि कार्यालय बन्द भएको बताए ।

कार्यालय वन्द भएपछि जिल्लाका ७८ जना लाभग्राहीहरू अलपत्र परेका छन् ।

कार्कीका अनुसार नवलपरासीमा ७८ जना पछिल्लो पटक पुनरावेदनको क्रममा भुकम्पबाट भौतिक संरचना क्षति भएको भनि लाभग्राही कायम भई आएका थिए

(बाँकी ४ पेजमा .......)

## बाढी पीडित आफै पुनस्थापनाको कोशिसमा

■ परासी

बाढीले घरभरी थुपारेको पागों माटो पन्छाउन सुनवल १० का गोरे परियारलाई तीन दिन लाग्यो।

भदौ १० गते मध्यरातमा आएको बाढीले घरमा क्षती पुर्याएपछि स्थानीय विद्यँलयमा आश्रय लिदै आएका परियारले पानीको सतह घटेपछि घर सरसफाईमा लागेका हुन् । घरका भाडा , फर्निचर र लत्ताकपडा बाढीले बगाएको छ । बाकीं रहेका केही सामान पनि काम नलाग्ने गरेर बिग्रीएको छ । तर ,पनि उनले हिम्मत हारेका छैनन् । भत्किएको घर मर्मतका लागि गाउंले आफै लागि परेका छन् । एक अर्कालाई सहयोग गरेर पालै पालो घर सरसफाई गरेर पुनस्थापना हुने कोशिसमा लागेका हुन् । 'घरमा भएका सामान कता छ, पत्तो छैन्। खाने अन्न र लत्ता कपडा बगाएर लग्यो , बाकीं रहेको खाट र केही कुर्चिहरू बाकीं रहेछ । सफा गरेर धोईपखाली गरेर सुकाएका छौ । 'बाढी पीडित गोरे दमाईले भने, 'नगरपालिकाले स्कुलमा राखेर खान बस्न दिएको भएपनि सधै भरी गुजारा चल्दैन्। आफ्नै भत्किएको घर मर्मत गरेर बस्ने सुरसुर गरेका छौ । आफन्तीसंग ऋण काढेर भएपनि घर मर्मत गनुपर्ने बाध्यता छ ।'

सुनवल १० खकरीबारीमा तुरिया खोलाको किनारमा रहेको बस्तिमा अधिकासं बिपन्न र दलित समुदायको बस्ति छ । बस्तिमा खोलापसेपछि अब कसरी घर बनाउने भन्ने चिन्ताले सताएको भएपनि पीडित डुबेको बस्ति उठाउन आफै लागि परेका छन्।

स्थानीय सुर्य बहादु श्रेष्ठ शारिरिकरूपमा अपांग छन् । घरमा दुई जना छोराछोरी र श्रीमतीको लालनपालन गर्न नै उनलाई धौ धौ थियो । ऋण गरेर बनाएको सानो कच्चि घर बाढीले बगाएपछि उनी अब कसरी घर बनाउने भन्ने चिन्तामा छन् । बस्ति बस्ति पुगेर खुद्रा सामान बिक्री गरेर गुजारा चलाउने श्रेष्ठलाई नयां घर बनाउन आटं आएको छैन् । तर स परिवार कहां बस्ने भन्ने अर्को पिरलो छ । 'मेरो घर बनाउने आर्थिक हैसियत छैन् । कोही मनकारीहरूले सहयोग गरेर सानो बासं बनाइदीन' भयो भने मेरो उपकार हुने थियो ।'उनले भने,'बस्ने बासं भयो भने जसोतसो श्रीमती र मैले काम गरेर भएपनि गुजारा चलाउने थियौ । '

स्थानीय भिमकला सार्कीको खरको छानो भएको घरको नाम निसाना छैन् । भदौ १० गते उनीहरू स परिवार आफन्तीकोमा बस्न गएका थिए । त्यसै दिन बाढीले कच्चि घर सबै बगायो । अहिले उनीहरू घर बनाउनका लागि काठ र खरको खोजिमा छन् ।'सरकारले सहयोग गर्‍यो भने ठिकै छ । आफ्नो घर त जसोतसो बनाउन पर्‍यो , सधै भरी स्कुलमा बसेर हुदैन् । अब

(बाँकी ३ पेजमा .......)

## २१ दिनपछि पूर्वपश्चिम राजमार्ग संचालनमा

■ परासी

पूर्व-पश्चिम राजमार्ग अर्न्तगत पश्चिम नवलपरासीको तुरिया खोलामा बेलिब्रिज निमार्ण गरीएको छ । भदौ १० गते आएको बाढीले पुल भासीएपछि बेलिब्रिज निमार्ण गरीएको हो ।

पुल भासीएपछि २१ दिन देखि अवरूद्ध बुटवल बर्दघाट सडक खण्ड बेलिब्रिज निमार्ण भएपछि संचालनमा आएको छ । मुख्य राजमार्गमा अवरूद्ध भएपछि यात्रुले बैकल्पिक मार्ग प्रयोग गनुपर्ने अवस्था थियो । २० टनसम्म भार भएका सवारी साधनलाई मात्र एक पटकमा एउटा सवारी साधन पार गर्नेगरी आउजाउ गर्न दिईएको



सडक डिभिजन कार्यालय बुटवलका प्रमुख जयलाल मरासिनीले बताए ।

ठूला मालवाहक सवारी साधनलाई भने भुमही-भैरहवा सडक खण्ड प्रयोग गर्न भनिएको छ । आकस्मिकरूपमा बेलिब्रिज निमार्ण गरीएकाले यसको लागत तत्कालै उपलब्ध नभएको सडक डिभिजन कार्यालय बुटवलले जनाएको छ । पुल भासीएपछि बर्दघाट बाट बुटवल पुग्नका लागि भुमहीबाट भैरहवा हुदै बुटवल पुग्नुपर्ने बाध्यता थियो ।

## २० दिन हुँदा पनि हटेन बालुवाडाँडाको पहिरो

■ कावासोती

कावासोती नगरपालिका वडा नं. १ मा रहेको पर्यटकीय स्थल बालुवाडाँडाका बासिन्दा सदरमुकाम पुग्ने नजिकको पायक पर्ने बाटो अवरूद्ध हुँदा मर्कामा परेका छन् ।

दोस्रो साताको भदौरे झरीमा बालुवाडाँडा देखि २ घुम्ती तल खसेको ठूलो पहिरो नपन्छाउँदा करीव ४० परिवार सदरमुकाम आउजाउ गर्न र बजारमा किनमेल गर्न हिडेरै जानुपर्ने बाध्यता रहेको स्थानीयको गुनासो छ । साधनमा करीव २० मिनेटमा पुग्न सकिने बजार २ घण्टा हिडेर जानुपर्ने अवस्था रहेको त्यही पनि दैनिक आवश्यकताका सामान पुरापुर बोकेर



ल्याउन नसक्दा अप्ठ्यारोमा परेको स्थानीय दरीमाया थापाले बताईन् । २० दिन भयो पहिरो खसेर बाटो थुनिएको, वडा नगरपालिकाका मान्छेहरूले एक-दुई दिनमा सफा हुन्छ भनेको पनि १० दिन जति भैसक्यो, अझै अत्तोपत्तो छैन दरीमायाले गुनासो पोखिन् ।

हात्तीखोर-महाराजथान क्षेत्रबाट माथी लागेपछि बालुवाडाँडामा मात्रै झुप्प एउटा बस्ती छ । खासै खेतीयोग्य जमिन नभएको र सिंचाईको कुनै सुबिधा नभएकाले सबैजसो सामान बजारबाटै जोहो गर्नुपर्ने उनीहरूको बाध्यता छ ।



बेष्ट मिडिया प्रा.लि.द्वारा प्रकाशित हुलाकी पत्र दैनिक

सम्पादक
श्रीराम सिग्देल

मुद्रण: सिद्धार्थ अफसेट प्रेस, कावासोती
फोन: ०७८-५४०५०९

कार्यालय
कावासोती-८, नवलपरासी
☎०७८-५४०७५४, ९८५७०४१६९८, ९८५७०४००१९
इमेल: hulakipatra@gmail.com

## सम्पादकीय

### संसदलाई बन्धक नबनाऊ

*सभामुख र प्रमुख प्रतिपक्ष दल नेकपा एमालेको झगडाको कारण एक साता अघि शुरु भएको संसद निर्वाद संचालन हुन सकिरहेको छैन ।*

*प्रमुख प्रतिपक्ष दल नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले संसद्का दुवै सदनका बैठकहरु अवरुद्ध पार्दै आएको छ । अवरोधकै बीच चालू आर्थिक वर्षका लागि अध्यादेश मार्फत ल्याएको बजेटको प्रतिस्थापन विधेयक प्रतिनिधि सभामा प्रस्तुत भयो । प्रतिस्थापन विधेयक छलफल गरी पारित गर्नुपर्ने नियमित प्रक्रिया भने अवरोधले अगाडि बढ्न सकेको छैन । नेकपा (एमाले)ले आफ्नो दलबाट कारबाही गरेका सांसदलाई नहटाएको आरोप सभामुख अग्निप्रसाद सापकोटा माथि लगाएको छ । संसद्मा असहिष्णु र अमर्यादित गतिविधि पनि देखिए । एमाले नेतृत्वको त्यही असहिष्णु व्यवहारका कारण नेकपा(एमाले) मा बस्नै नसकेर वरिष्ठ नेता माधव कुमार नेपालले नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) दल गठन गरिसक्नुभएको छ । सो नयाँ दलले निर्वाचन आयोगबाट मान्यता समेत पाइसकेको छ । अर्कातिर, सभामुखले हटाउनु भनेका सांसदको मामिला समेत सर्वोच्च अदालतमा पुगेको छ । न्यायालयको विचाराधीन विषयमा संसदीय कारबाही गर्न मिल्दैन । सहमतिको लागि सर्वदलीय बैठक बोलाइयो । तर एमाले बैठकमा सहभागी भएन । लोकतन्त्रको सबैभन्दा ठूलो धर्म र मर्म नै संवाद हो । मत भिन्नता आइरहन्छन् । ती मतमतान्तरलाई वार्ता र संवादको माध्यमबाट निष्कर्षमा पुग्नु र पुऱ्याउनु आवश्यक हुन्छ । हठ सबैले त्याग्नु पर्छ । अहंकारले लोकतन्त्रलाई बल पुऱ्याउँदैन । संवाद नै लोकतान्त्रिक बाटो हो । संसदीय प्रक्रियामा असहिष्णु व्यवहार र बलमिच्याईको समेत कुनै अर्थ र स्थान हुँदैन । सभामुखले बोलाएको सर्वदलीय वार्तामै नजानु ठीक होइन । चालू आर्थिक वर्षका लागि ल्याइएको अध्यादेश बजेट र तिनको प्रतिस्थापनमा आएका विधेयकहरु पारित गर्नुपर्ने समयसीमाले नेटो काटेको छ ।*

*समयमा प्रतिस्थापन बजेट विधेयक पारित नहुँदा सरकारी खर्चमै समस्या आएको छ । जनतालाई प्रदान गर्नुपर्ने सेवा र सुविधामा अवरोध भएको छ । यसको दोष संसदीय कारबाहीमा मात्र जाँदैन। अवरोध गरेकै कारण दोष विपक्षी दल नेकपा (एमाले)लाई जान्छ । प्रतिपक्षले जनतालाई जवाफ दिनुपर्ने हुन्छ । आफ्ना मत र असन्तुष्टिलाई संसद्को नियमित प्रक्रियामै राख्न सकिने भएकोले संसदलाई बन्धक बनाई राख्नु जायज देखिन्न ।*

### आदरणीय पाठक वृन्दहरुमा अनुरोध

यस *हुलाकी पत्र* दैनिकको गुणस्तर बृद्धिको लागि आगामी दिनमा हामीले के गर्नु पर्ला ? हामी तपाईहरुको सुझाव र सल्लाहको स-सम्मान कदर गर्दछौं । साथै यस दैनिक पत्रिकामा तपाईहरुका प्रतिक्रिया, लेख, रचना प्रेषित गर्नुहुन समेत हार्दिक अनुरोध गर्दछौं ।

इमेल: hulakipatra@gmail.com — सम्पादक

# एमसीसी रोक्नु कसरी राष्ट्रवादी काम ?



सोमबहादुर थापा

अनपेक्षित शैलीमा एमसीसी समाज र राजनीतिक ठूलो चर्चा र बहसको विषय बन्यो । त्यसो त, ठूला परियोजना यसरी बहुत चर्चामा ल्याइन्छ र तुहाइन्छ । यो नेपालको नियति हो ।

अरूण तेस्रो तुहाएसँगै मुलुकले अनेकन् समस्या खेप्नुपऱ्यो । जसको जवाफदेही कसैले बोक्नु परेन । त्यसरी नै त्यतिखेर एमसीसी परियोजना चाहिन्छ भन्नेहरू भन्दा चाहिँदैन भन्नेहरूको चर्को स्वर सुनिन्छ । कुनै पनि परियोजनाको समर्थन र विरोध हुन्छ । यो विषयमा पनि पक्ष या विपक्षमा बहस-छलफल हुनुलाई स्वाभाविक, लोकतान्त्रिक हक र अधिकारकै विषय मान्नुनुपर्छ । तसर्थ, एमसीसी पारित गर्ने विषयमा पनि समर्थन र विरोध हुनुलाई नराम्रो मान्न हुन्न । जेहोस्, यसको पक्ष र विपक्षमा गाउँदेखि राजधानीसम्म र सामान्य नागरिकदेखि स्थानीय नेता हुँदै केन्द्रीय नेतासम्म बहसमा छन् । यस्ता बहस र छलफलले सार्वजनिक नीति निर्माणमा सकारात्मक सहयोग पुग्न सक्छ । तर देशको महत्वपूर्ण र दूरगामी असर र प्रभाव पार्ने वैदेशिक सहायता तथा लगानी सम्बन्धी विषयमा वहस र छलफल गर्दा तर्कसंगत, औचित्य पूर्ण स्वतन्त्र र निष्पक्ष ढंगबाट हुन्छ । तर, यतिखेर जसरी बहस भइरहेको छ, त्यो चाहिँ तथ्यसंगत देखिँदैन । धेरैजसो स्वर बहकाउमा आएका देखिन्छन्, जसले मुलुकको कूटनीतिलाई प्रभावित पार्न खोज्ने प्रपञ्च देखिन्छ । किनभने नेपालमा ठूला परियोजना बनेको देख्न नचाहने शक्ति र तत्व छन् । त्यसअतिरिक्त कमिसन एजेन्टहरू यति सल्बलाउँछन् कि आफूले कमिसन प्राप्त गर्न नसक्ने देखेमा परियोजना तुहाउँछन् । त्यसकारण एमसीसी पनि तिनैको खेल हो कि ? किनभने बहसमा शब्दहरू सुन्ने हो भने तर्कसंगत, औचित्यपूर्ण र निष्पक्ष किसिमको देखिँदैन । यसका बारे समर्थन र विरोध गर्नु संवैधानिक हक अधिकारका कुरा हो । एमसीसीबारे समर्थन गर्दैमा राष्ट्रघाती हुने र विरोध गर्दैमा राष्ट्रवादी हुने भन्रूने हिसाबले लिनु पनि हुँदैन । एमसीसी सम्बन्धी अनुदान सहयोगलाई नेपालको संघीय संसद्ले अस्वीकार गर्न पनि सक्छ । यो स्वाभाविक कुरा हो । तर संसद्ले स्वीकार वा अस्वीकार गर्दा राष्ट्र र जनताको हित र स्वार्थ पूरा हुने गरी गर्नुपर्छ । अर्को कुरा, विश्वभरि वैदेशिक ऋण सहायताभन्दा वैदेशिक अनुदान सहायता लिनलाई प्राथमिकता दिइन्छ । नेपालले पनि अनुदान सहायतालाई नै प्राथमिकता दिइआएको छ । तर केही वर्षयता नेपालमा आउने अनुदान सहायताको रकम र दर भने घटिरहेको कुरा बजेट वक्तव्य र आर्थिक सर्वेक्षणबाट देखिन्छ ।

अनुदान घट्नु र वैदेशिक ऋण सहायताको अंश बढ्नु भनेको नेपाल र नेपाली जनतालाई वैदेशिक ऋण सहायताको भार र दायित्व बढाउनु पनि हो । यसैले एमसीसी वा अन्य वैदेशिक अनुदान सहायता लिने तथा नलिने विषयमा निर्णय गर्दा पनि हामीले जिम्मेवार भएर निर्णय गर्ने तथा आधार र पुष्ट्याइँ दिनुपर्ने हुन्छ । एमसीसी मूलत: वैदेशिक अनुदान सहायतासँग सम्बन्धी विषय हो । नेपाल जस्तो साधन र स्रोतको अभाव भएको देशको दीर्घकालीन लाभ दिने एवम् विद्युत् ट्रान्समिसन लाइन बनाउने तथा सडक सञ्जालको स्तरोन्नति गर्ने सम्बन्धी अमेरिकी सरकारको पचास करोड अमेरिकी डलरको अनुदान सहायता उपलब्ध गराउने विषय हो । यो आयोजनामा अमेरिकी सरकारको छपन्न अर्ब रूपैयाँ । नेपाल सरकारले तेह्र अर्ब लगानी गर्ने प्रस्ताव र योजना छ । यसमा लगभग सत्तरी अर्ब रकम खर्च हुने प्रस्ताव छ । यसबाट नेपालमा गर्न नसकिएको अन्तरदेशीय ट्रान्समिसन लाइन जडान र सडक सञ्जाल स्तरोन्नतिको गर्ने योजना छ । यसैले यस आयोजनालाई बहुआयामिक महत्वको आयोजना भन्न सकिन्छ।

यो आयोजनाको सबैभन्दा ठूलो फाइदा भनेको तीन सय बाह्र केभी प्रसारण लाइन जडान तथा अन्तरदेशीय विद्युत व्यापार संरचना निर्माण गर्ने र सडक सञ्जाल स्तरोन्रूनति गर्ने कुरा हो । जलविद्युत् क्षेत्रको विकासमा यो आयोजना एक कोशेढुंगा साबित हुने अपेक्षा राखिएको छ । यसको निर्माणबाट हाल नेपालमा सरकारी र निजी लगानीबाट बनिरहेका जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत देशभित्र वितरण गर्न र देश बाहिर निकासी गर्न सहयोग पुग्ने देखिन्छ । यसले केही हदसम्म भए पनि नेपालको जलविद्युत् क्षेत्रको विकासको गति र स्तरलाई अगाडि बढाउन र रोजगारी र गरीबी घटाउन पनि मद्दत गर्ने देखिन्छ । साथै, एमसीसीको विषय नेपालको वैदेशिक सहायता नीति र परराष्ट्र नीतिसँग सम्बन्धित विषय पनि हो । हामीले अर्बौंको गैरबजेटरी सहायता लिइरहेको छौँ भने अमेरिकी अनुदान सहायता लिन नहुने भन्ने देखिँदैन । यस्तो गैरबजेटरी सहायता कहाँबाट आएको छ ? कसले के काममा कसरी खर्च गरिरहेको छ भन्ने वास्तविकता न नेपाल सरकारलाई पूर्ण जानकारी हुन्छ र न नेपालको संसदलाई पूर्ण जानकारी हुन्छ । यस सम्बन्धमा हामी कोही बोल्दैनौँ ।

यस्तो अवस्था एकातिर छ भने नेपाल सरकारसँग पारदर्शी र जवाफदेही ढंगले सम्झौता गरी र नेपालको चाहना र योजना अनुसार बनाइएको आयोजनाको भने हामी विरोध गरिरहेका छौं । यो बुझिनसक्नु कुरा हो । अर्को कुरा, नेपालले एकातिर पाँच दस अर्बको वैदेशिक ऋण सहायता लिइरहेका छ भने अर्कोतिर रू छपन्न अर्बको पूर्वाधार विकासमा लगानी हुने वैदेशिक अनुदान सहायता चाहिँदैन भन्न पनि औचित्यपूर्ण र तर्कसंगत हुने देखिँदैन ।

यो सहायता अस्वीकार गर्दा उत्पन्न गर्ने वैदेशिक सहायता र परराष्ट्र सम्बन्धी असर र प्रभावबारेमा पनि नेपाल सरकार र राजनीतिक दलका नेताहरूले गम्भीर र उत्तरदायी भएर सोच्नु आवश्यक छ । यो आयोजना पाँच वर्षभित्र निर्माण भएपछि नेपाल सरकारलाई नै हस्तान्तरण हुने आयोजना हो । यो आयोजना नेपालकै चाहना अनुसार बनेको आयोजना हो । अर्थ, जलस्रोत, कानुन, परराष्ट्र मन्त्रालय र मन्त्रिपरिषद्, एवम मन्त्रिपरिषद् सचिवालय तथा राष्ट्रिय योजना आयोग समेत संलग्न भएर बनाइएको यो आयोजना नेपालको प्रचलित मान्यता र व्यवस्था अनुसार बनाएको देखिन्छ।

यसलाई अस्वीकार गर्दा हामी हाम्रा मूल्य मान्यता तथा सिद्धान्त र आफ्नो सार्वजनिक संस्था र संयन्त्रहरूलाई पनि विश्वास गर्दैनौँ भन्ने सन्देश जान्छ । यसले हाम्रो शासकीय कार्यकौशलतामा कस्तो असर र प्रभाव पार्ला भन्ने पनि सोच्नुपर्ने हुन्छ । संसद्बाट अनुमोदन गर्ने व्यवस्था गर्नु यो आयोजना सम्बन्धी सम्झौताको कमजोरी पक्ष हो । यो सहायता रकम अस्वीकार गर्दा हामीले सोच्नुपर्ने विषय के हुन्छ भने नेपालमा लुकी-लुकी जे पनि गर्न पाइन्छ, तर पारदर्शी र व्यवस्थित रूपमा केही गर्न पाइँदैन भन्ने सन्देश दिन खोजेको देखिन्छ । यदि यो सम्झौतामा संसद्बाट अनुमोदन गर्नुपर्ने व्यवस्था नराखेको भए यो आयोजना पहिले नै कार्यान्वयनमा जान्थ्यो । कसैले केही थाहा पनि पाउने थिएनन् । हिजो नेकपाको ओली सरकार, अनि एमालेको ओली सरकार यो आयोजना पारित गर्न प्रतिबद्ध भएरै संसद्मा प्रस्ताव पेस गरेको हो । उक्त पार्टी प्रतिपक्षका रूपमा छ र यस विषयमा पूर्वसोचलाई कायम गर्ने वा नगर्ने भन्ने सम्बन्धमा उहिले हाल केही बोलेको छैन । त्यस्तै सत्ताधारी दलभित्र पनि यो विषयलाई स्वीकार गर्ने विषयमा मतान्तर रहेको देखिन्छ । यसलाई स्वीकार वा अस्वीकार गर्ने कुरा चाँडोभन्दा चाँडो टुंग्याउनु आवश्यक छ । निर्णय गर्न ढिला गर्नु भनेको हाम्रो राजनीतिक नेतृत्वमा निर्णय क्षमताको अभाव रहेछ भन्रूने स्पष्ट हुन्छ । हर वैदेशिक सम्बन्ध र सहायतामा राजनीतिक र अन्य स्वार्थ लुकेको हुन्छ भन्ने कुरा सबैलाई थाहा भएकै कुरा हो । यस्तो कुराहरूलाई विचार गर्ने हो भने सकेसम्म कुनै पनि किसिमको वैदेशिक सहायता नलिनु राम्रो हो । यस्तो गर्ने अवस्थामा नेपाल छ कि छैन भनेर पनि हामीले सोच्नुपर्ने हुन्छ । अर्को कुरा वैदेशिक ऋण तथा अनुदान सहायता लिने हो भने पूर्वाधार विकासमा लगानी हुने वैदेशिक अनुदान सहायता लिन हिचकिचाउनु हुँदैन ।

यो विषयलाई राजनीतिकीकरण गर्नु राम्रो हुँदैन । एमसीसी पारित गर्दैमा अमेरिकाको सैन्य रणनीतिमा हामी लाग्नुपर्छ भन्ने पनि हुँदैन । यसका लागि अर्को सम्झौता गर्नुपर्ने हुन्छ । कुनै पनि विषयलाई राजनीतिक र वादको सिद्धान्तले हेरियो भने हामी सही निष्कर्षमा पुग्रून सक्तैनौँ । २०५१ मा अरूण तेस्रो आयोजना चाहिँदैन भनी एमसीसीमा जस्तै उग्र ढंगले विरोध गरियो । परियोजनाका अति राजनीतिकरण गरियो । अन्ततः अरूण परियोजनामा त्यति ठूलो खर्च बालुवामा पानी जस्तै भयो । विश्व बैंकको नेतृत्वमा अरू थुप्रै दातृ एजेन्सी र दातृ राष्ट्रले सदाशयता पूर्वक नेपालको पूर्वाधार विकासमा लगानी गर्न चाहेको बेला हामी नेपालीहरूले अरूको इशारामा अरूण तेस्रो जस्तो बहुआयामिक महत्वको आयोजना आउन नदिएर ठूलो राष्ट्रभक्तिको काम गऱ्यौं कि नेपालको पूर्वाधार विकासलाई सय वर्ष पछाडि धकेल्यौं ? आज सबैका अगाडि छर्लंग छ । त्यो परियोजना तुहाउने पात्रहरूको नियत खोजी गर्ने हो भने सजिलै निष्कर्षमा पुग्रून सकिन्छ । परियोजना तुहाउन अनगन्ती पटक वासिङ्टन जानेहरूले कहाँबाट खर्च जुटाए, राज्यले खोजी गरेको धेरै तथ्य बाहिर आउने थियो । त्यसकारण विरोध गर्नेहरू कतैबाट उचालिएका हुन सक्छन् । अनि कतिपय चाहिँ त्यत्तिकै हाहा-होहोमा लागेका पनि हुन सक्छन् । बहुआयामिक उद्देश्य बोकेको र बहुलगानी जुटेको अरूण तेस्रो आयोजना निर्माणको काम बन्द भएपछि नेपालमा त्यति ठूलो महत्वको आयोजनामा लगानी गर्न कुनै दातृराष्ट्र र दातृ एजेन्सी अझैसम्म तयार भएको पाइँदैन । यसले हाम्रा विकासका चाहना र आकांक्षालाई पूरा गऱ्यो कि गरेन ? समीक्षा हुनुपर्छ । त्यो आयोजना हामीले बन्द गरेको पच्चीस वर्षपछि नेपाललाई कुनै ठूलो लाभ नहुने गरी स्वीकृत गरेका छौँ । पछिल्लो पटकको स्वीकृतिमा हामीले अरूण तेस्रोको बहुआयामिक महत्व र निर्माणको कार्यक्षेत्र घटाएर काम सुरू गरेका छौँ । यसको पनि आज खुला बहस र छलफल हुनु आवश्यक छ । यस किसिमका समीक्षाले सार्वजनिक नीति निर्माणमा निकै ठूलो मद्दत पुग्नुका साथै हाम्रो राजनीतिक नेतृत्व र सार्वजनिक प्रशासनको नेतृत्वको सोच विचार र कार्यक्षमताको चिरफार गर्न पनि सकिन्छ । एमसीसी मूलतः वैदेशिक अनुदान सहायतासँग सम्बन्धी कुरा हो । दलीय शासन व्यवस्थामा दलहरूबाटै सत्ता सञ्चालन र सरकारको गठन हुने भएकाले कुनै पनि सार्वजनिक नीति निर्माणमा दलहरूको भूमिका रहने कुरालाई कसैले इन्कार गर्न सक्तैन । यसलाई स्वीकार वा अस्वीकार गर्ने अधिकार नेपालको संघीय

(बाँकी ३ पेजमा .......)

# बुबासँग झगडा गरिरहेकी ब्रिट्नीले सुटुक्क गरिन् इंगेजमेन्ट



*बुबाको संरक्षणबाट मुक्त हुन अदालतमा लडिरहेकी ब्रिट्नीले आइतबार सुटुक्क इंगेजमेन्ट गरेकी छिन् ।*

*ब्रिट्नीले आइतबार एउटा भिडियो पोस्ट गर्दै ५ वर्षदेखि सँगै बस्दै आएका साम असघारीसँग इंगेजमेन्ट गरेको सूचना दिएकी हुन् । उनले भिडियोमा इंगेजमेन्ट रिङ देखाएकी छिन् र क्याम्पसनमा आफूलाई इंगेजमेन्ट गरेको कुरा पत्यार नै नलागेको बताएकी छिन् । ब्रिट्नीले भिडियो पोस्ट गरेको केही समयपछि नै असघारीले पनि ब्रिट्नीलाई चुम्बन गर्दै गरेको फोटो पोस्ट गरेका थिए । यो बाहेक औंठी देखिने फोटो पनि पोस्ट गरेका थिए ।*

*असघारीका म्यानेजर ब्रान्डेन कोहनले पनि दुवैले इंगेमेन्ट गरको स्वीकार गरे । गत जुन २३ मा ब्रिट्नीले अदालतमा उपस्थित हुँदै आफूलाई बुबाले बन्दी बनाएको र विवाह गरेर बच्चा जन्माउन पनि अवरोध गरेको गुनासो गरेकी थिइन् । त्यसयता विवाद बढ्दै गएपछि केही समयअघि मात्र बुबाले आफू ब्रिट्नीको संरक्षणकर्ताको भूमिकाबाट बाहिरिन चाहेको बताएका थिए ।*

*ब्रिट्नीले असामान्य व्यवहार देखाउन थालेपछि अदालतले उनको कमाइदेखि लिएर जीवनका हरेक निर्णय बुबाको तजबिजमा हुन पर्ने निर्णय गरेको थियो । जसको ब्रिट्नीले विरोध गर्दै आएकी थिइन् । साम र ब्रिट्नी सन् २०१६ देखि एक अर्कालाई डेट गर्दै आइरहेका थिए ।*

*साभार:इकागज*

# कोरोना कहरले च्यापिएको कौराह संरक्षण समूह

■ कमला राना
कावासोती

'यो नानीको शीरको फूल चोखो छ की जुठो छ
त्यो फुल लाउने मलाइ धोको छ'

मिठो गीतको भाकासंगै खैंजडीको तालमा सबैलाई नचाउँदै र नाच्दै कौराह नृत्य संरक्षणमा जुटेको झोर्ले कौराह समूह अहिले वाक्य नफुटेको बालक जस्तै शून्य बनेको छ ।

कोभिड १९ का कारण मगर समुदायको मौलिक नृत्यको रूपमा सूचीकृत कौराह नाचलाई जगेर्ना गर्न कम्मर कसेको कावासोती नगरपालिका वडा नम्बर ४ स्थीत हसौराको झोर्ले कौराह समिति सेलाउन बाध्य भएको छ।

कोरोनाका कहरका कारण विवाह, सामुहिक भोज जस्ता धेरै मानिस जमघट भएर गरिने कार्यक्रम रोकिएपछि त्यसको प्रभाव कौराह नाचलाई पनि परेको हो।

कोरोना कहरका कारण विश्व नै आक्रान्त भएको यस विषम परीस्थीतिमा झोर्ले कौराह समूह पनि अछुतो रहन सकेन। नृत्यको समयमा प्रयोग गरिने सामग्रीहरू यतिवेला धुलो जमेर कतै थन्किरहेका छन् भने कलाकारहरू विस्थापित हुने अवस्थामा पुगेको छ ।

सांस्कृतिक हिसाबले कौराह नृत्य पौष पन्ध्रदेखि शुरू गरी जेष्ठ महिनामा पर्ने दशहराको तिथिमा सेलाउने (अन्त्य गर्ने) परम्परा रहे तापनि व्यवसायीक हिसावले वर्षको बाह्रै महिना नाच्ने गरिन्छ । हरेक महिना नवलपुर जिल्लादेखि बाहिरी जिल्लाहरूमा समेत विभिन्न कार्यक्रम, सभा समारोह, महोत्सव जस्ता कार्यक्रममा सहभागी हुदैं आएको यो समूहको सबै गतिविधि कोभिड १९ कारण यतिवेला ठप्प हुन पुगेको छ । मगर भाषामा नाम जुराइएको झोर्लेको अर्थ नेपाली भाषामा हुन्छ 'नमस्कार' । २०६८ सालमा स्थापना भएको झोर्ले कौराह समूहले आफ्नो समूहको नृत्यलाइ निकै आकर्षक र जिवन्त रूपमा प्रस्तुत गर्दै आइरहेको छ जसले गर्दा सबैको रोजाइको समूह बन्ने गरेको छ।

झोर्ले कौराह समूहले कौराह नृत्य प्रस्तुत गरे बापत एकदिनको दश हजारदेखि पच्चीस हजारसम्म समयको निर्धारण गरी पारिश्रमीक लिने गरेका छन्। विभिन्न कार्यक्रमहरूबाट संकलीत रकमबाट नृत्यमा आवश्यक बाद्यवादन खरिद, मर्मत, कलाकारहरूको लागी सस्कृति झल्कने पोशाक, कलाकारहरूलाई प्रोत्साहन स्वरूप थोरै रकम, आउँदा जादा सवारी भाडा सहित खाजामा खर्च गरीने गरेको समुहका अध्यक्ष यामबहादुर राना मगरले बताए । भैपरी आउने कार्य सम्पादनको लागी विभिन्न खर्च कट्टा गरी कोषमा समेत बचत गर्दै आएको झोर्ले समूह यतिवेला कोरोना कहरका कारण उठनै नसक्ने गरी थला परेको अध्यक्ष राना मगरले बताए ।

सामान्य अवस्था रहँदा बर्षको हरेक महिना कुनै न कुनै कार्यक्रमहरूमा सहभागी हुने अवसर जुट्ने गरेकोले कलाकारहरूले प्राप्त गर्ने धेरै थोरै प्रोत्साहन स्वरूप रकमले आवश्यक खर्च जुटाउँदै आएका थिए ।

कोभिडका १९ का कारण कार्यक्रम बन्द भएपछि आम्दानी समेत बन्द भएकोले कलाकारहरू पलायन हुन पुगेको अध्यक्ष राना मगरले बताउछन् । सम्बन्धित निकायबाट सहयोग प्राप्त नहुँदा समूह चलाउन कार्यक्रमकै मुख ताक्नुपर्ने अवस्था रहेको झोर्ले समूहले कुनै कार्यक्रममा सहभागी हुने क्रममा सबै कलाकारहरूको लागी खाजा खाना र सवारी साधनको व्यवस्था गर्न, आवश्यक सामग्री जुटाउन निकै कठीन हुने गरेको अध्यक्ष राना मगरले बताए ।

विशेषत मगर समुदायले मात्रै नाच्दै र नचाउदै आएको कौराह नृत्य पछिल्लो समय अन्य समुदायमा पनि प्रचलित रहेको छ ।

मगर समुदायको जातीय भेष भुषामा सजीएर एउटै उमेर समुहका युवतीहरू कौराह नृत्यमा सहभागी हुने गर्दछन् । कम्तीमा दुइ देखि बाह्र पन्ध्र जना सम्म सहभागी भइ एउटै भाव र तालमा नाचिने कौराह नृत्यमा पुरूष समूहले गीत गाउने र बाजा बजाउने गर्दछन् । कौराह नत्यमा डम्फु (खैजडीं) खांकर र झर्रा (चांप) बाजाको रूपमा प्रयोग गरिएको पाइन्छ भने खांकर र झर्रा (चांप) नृत्यमा सहभागी युवतीहरूले खुट्टामा लगाउने गर्दछन्। कौराहको अर्थ कान राहा (हामी आयौं) भन्ने शव्दबाट लिइएको मौलिक कौराह संरक्षण समितिका केन्द्रीय अध्यक्ष हर्क आले मगरले बताए ।

विगतको समयमा वल्लो पल्लो छिमेकी गाउंका युवा युवतीहरू मिलेर कोराह नाच्ने प्रचलन रहेको थियो । युवतीहरूले युवाहरूलाई कौराह नाचको लागी विशेष समय तोकी निम्तो दिएपछि छिमेकी गाउका युवाहरू तोकीएको समयमा युवतीहरूले बोलाएको स्थानमा पुगी विशेष समारोहका बीच कौराह नाच्ने परम्परा रहेको भएपनि वर्तमान समयमा भने एउटै गाउ टोलका युवा युक्तीहरू मिली कौराह नाच्ने गरेको पाइन्छ ।

कौराहको उत्पती थलो तनहुँ जिल्लामा अवस्थीत रिसीङ गाउलाई मानिदै आएको भएपनि पुर्वी पाल्पा, नवलपुर, लमजुङ र गोर्खा जिल्ला लगायतको मगर समुदायले कौराह नृत्य नाच्ने गरेका छन् ।

पूर्वी नवलपरासीको कावासोती नगरपालिका सहित हुप्सेकोट गाउंपालिका, गैडाकोट नगरपालिका र देवचुली नगरपालिका सहीत पहाडि क्षेत्रमा समेत १७ भन्दा बढी समुहले कौराह नृत्य सञ्चालन गर्दै आएको छ ।यसरी मगर समुदायको पहिचान झल्काउने मौलिक नृत्यका रूपमा सूचीकृत कौराह संरक्षणको लागी जुटेको विभिन्न संघ संगठनहरूलाई सम्बन्धीत निकायबाट सहयोगको पहल हुन सके भावि पुस्तालाई हस्तान्तरण गर्दै जगेर्ना गर्न सकिने मौलिक कौराह समितिका केन्द्रीय सदस्य इन्द्र फाल मगरले बताए। यता राष्ट्रिय मौलिक कौराह संरक्षण समितिले कौराह नृत्य संरक्षणको चलचित्र निर्माण गर्ने र कौराह नृत्य संरक्षण सम्बन्धी कलम चलाउने पत्रकारहरूको लागी पुरस्कारको व्यवस्था समेत गर्दै आएको बताउछन् । त्यसैगरी आगामी दिनहरूमा पाठ्यक्रम निर्माण गरी विद्यालय तह देखि नै सरक्षण र पहिचानको लागी पहल थाल्ने योजना रहेको केन्द्रीय अध्यक्ष हर्क आले मगरले बताए । यस्तै स्थानीय स्तरमै समूह निर्माण गरी मौलिक कौराह नृत्य संरक्षणमा व्यवसायिक रूपले जुटीरहँदा धेरै युवा पुस्ताहरूलाई विदेश पलायन हुनबाट समेत जोगाउन त सकिन्छ नै मगर समुदायको पहीचान र सस्कारहरूलाइ समेत जिवन्त राख्न सकिने झोर्ले कौराह समूहका अध्यक्ष याम बाहादुर राना मगरले बताउछन्।

राष्ट्रिय मौलीक कौराह समिति नवलपुर जिल्ला अध्यक्ष मेखबहादुर सारूले कौराह संरक्षणको लागी जुटेको समूहलाइ वडा तहबाट नियम अनुसार सहयोग प्रदान गर्ने गरिएको बताए। त्यसैगरी विभिन्न स्थानमा कौराह नृत्यको प्रतिस्पर्धा तथा सम्मेलन हरूको आयोजना गरी संरक्षणको लागी पहल गरीएको बताउने जिल्ला अध्यक्ष सारूले केन्द्रीय स्तरबाट पनि पहल हुन आवश्य रहेको औंल्याए ।

## बाढी ........

स्कुल सुरू भएपछि कहां बस्ने भन्ने टुंगो छैन् । 'उनले भने,'पीडित परिवार सबै मिलेर एक अर्काको काममा सहयोग गरेका छौ । पालो पालो घर सफा गर्ने र मर्मत हुदैछ । '

जिल्लाको पाल्हिनन्दन , सरावल, सुस्ताका बाढी पीडित पनि बिस्तारै पुनस्थापित हुदै छन् । पानीको सतह घटेपछि घर सरसफाई गर्ने , मर्मत गर्ने र केही नयां सामानको जोहो गरेर जनजिवन सामान्य बनाउने कोशिसमा स्थानीय छन् । सुनवल नगरपालिकाका उपप्रमुख दधिराम अर्यालले पुर्णरूपमा घर नष्ट भएकाहरूका लागि केही राहात रकम प्रदान गरीने भएपनि सम्पुर्ण घर निमार्ण गर्न स्थानीय तहले मात्र सम्भव नभएको बताए। 'हामीले पीडितका लागि खाने र बस्ने व्यवस्था गरेका छौ । घर भत्किएकाहरूलाई सामान्य मर्मतका लागि आर्थिक सहयोग पनि गर्ने छौ ।'उनले भने,'तर पुर्णरूपमा घर नै नयां बनाउन प्रदेश र संघ सरकारसंग समन्वय गरेर मात्र काम अगाडी बढ्ने छ ।'

बाढी पसेको १५ दिन हुदा सम्म पनि खान र बस्न बाहेक बिस्थापितका लागि अन्य राहातको कार्यक्रम ल्याउन जिल्लाका स्थानीय तहले चासो दिएका छैनन्। सामान्य खाध्यान्न र रामग्राम नगरपालिकाले पहिलो चरणमा अति बिपन्नका लागि नगद २ हजार दिने घोषणा बाहेक पुनस्थापनाका लागि योजना नबन्दा पीडित मर्कामा छन् । आफ्नै सक्रियतामा पीडितहरू पुनस्थापना हुने कोशिसमा छन् । उनीहरूलाई स्थानीय सरकारले थप सहयोग गरेमा बाढीले उजाडीएको बस्ति केही दिनमा नै पहिलाकै लयमा फर्कीने रामग्राम ३ का केशव पराजुलीले बताए ।

## एमसीसी .....

संसद्लाई छ भन्ने कुरामा कुनै विवाद छैन । तर एमसीसी सम्बन्धी सम्झौतालाई अस्वीकार गरेमा प्रस्तावित ट्रान्समिसन लाइन र सडक सञ्जाल निर्माणका लागि आवश्यक पर्ने बजेट के/कुन स्रोतबाट ल्याउने भन्ने विषयमा भने निकै गम्भीर भएर सोच्नुपर्ने हुन्छ । एमसीसीलाई अस्वीकार गर्नुको अर्थ हामीले वैदेशिक ऋण र अनुदान सहायता लिर्दैनौ भन्ने नीति बनाउनु हो । नेपालको पूर्वाधार विकासमा सहयोग सहयोग गर्न आइरहेको बेला हामी अनेक शंका–उपशंका गरेर र अरूको इसारामा देशको विकासलाई अवरूद्ध पार्न खोज्नु कुनै पनि दृष्टिकोणले राष्ट्रवादी मान्न सकिन्छ र । कसैको बहकाउमा पर्नुभन्दा इमानदार र स्वतन्त्र भएर सोच्नु राष्ट्रको हितमा हुन्छ । *साभार: इकागज*


## सार्वजनिक हितमा जारी सन्देश

- गाउंपालिकाद्वारा सञ्चालित नियमित सरसफाई अभियानमा सहभागी बनौं ।
- जन्मदर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । बच्चा जन्मेको ३५ दिनभित्रै स्थानीय तहमा आइ बालबालिकाको जन्म दर्ता गरौं ।
- बसाइसराइ तथा जन्म मृत्यु जस्ता व्यात्तिगत घटना दर्ता गरौं । गराऔं ।
- गाउंपालिकाको अनुमति लिएर मात्र घर निर्माणको काम गरौं । ४ वृेमानकानकापसकिमावपवि
- घर तथा अन्य निर्माण गर्दा भूकम्प प्रतिरोधात्मक बनाऔं ।

**विनयी त्रिवेणी गाउंपालिकाको कार्यालय**

**नवलपरासी (ब.सू.पूर्व) गण्डकी प्रदेश**


## तपाईको आज



देवराज ढुङ्गाना
मो.९८४७१३१६८९

| | | | | | |
|---|---|---|---|---|---|
| **मेष :** प्रेम र मित्रताको बन्धन अझ कसिलो होला । आर्थिक कारोवार बढेर जाला । | **वृष :** विपरित बर्ग प्रति अकर्षण बढेर जाला । लाभ र हानी भने बरावर जसो हुने छ । | **मिथुन :** आत्मबलले सफलताको बाटो दिने छ । ब्यापार ब्यावसायमा सफलताको योग छ । | **कर्कट :** दाम, इनाम र प्रतिष्ठा प्राप्तीको समय छ । स्वादिष्ट भोजनको योग देखिन्छ । | **सिंह :** पुराना मित्र संग भेटघाट होला । पारिवारिक चहलपहल बढेर जाने दिन छ । | **कन्या :** प्रेम र सम्वन्धमा मनमुटाव उत्पन्न हुने छ । आफ्नो अधिकारकोलागि संघर्ष गर्नुपर्ने देखिन्छ । |
| **तुला :** रोकिएका कामले निरन्तरता पाउने देखिन्छ । रचनात्मक काममा जुटने समय छ । | **वृश्चिक :** मनमा निराशा र शरिरमा आलश्यता छाउला । आर्थिक अभाव बढेर जाला । | **धनु :** छोटो दुरीको लाभदायक यात्रा होला । मनमा शान्ति र अनुहारमा कान्ति छाउला । | **मकर :** मनमा दुविधा उत्पन्न होला । मनमा निराशा र शरिरमा अलश्यता छाउने देखिन्छ । | **कुम्भ :** सामाजिक तथा धार्मिक कार्यमा रुचि बढने छ । दैनिक कार्यमा सफलता प्राप्त होला । | **मीन :** विशिष्ट ब्यक्तिको साथ पाइने छ । शुभ कार्यको चर्चा परिचर्चा होला । |

## पुनर्निर्माण ........

उनीहरूसँग सरकारले कुनै सम्झौता गरेको छैन भने नीजि आवास निर्माणका लागि कुनै रकम पनि उपलब्ध गराएका छैनन्।

नवलपुरमा बुलिङ्टारमा २१ जना, मध्यविन्दुमा १२ जना, हुप्सेकोटमा १२ जना, देवचुलीमा ११ जना, गैडाकोटमा १२ जना, बौदीकालीमा ५ जना लगायतका गरी ७८ जना नयाँ लाभग्राही कायम भएका थिए । उनीहरू लाभग्राही कायम भए पनि राष्ट्रिय पुनर्निर्माण प्राधिकरण अन्तरगतको जिल्ला आयोजना कार्यान्वयन इकाई कार्यालय बन्द भएपछि सेवा लिन कहाँ जाने भन्नेमा अलपत्र परेका छन् ।

नवलपरासीमा यस अघि निजी आवासतर्फ १ हजार ९९ जना सेवाग्राही कायम भएकोमा १ हजार ८६ जना अर्थात ९८ दशमलव ८ प्रतिशतले निजी आवास निर्माण सम्पन्न गरेका थिए । बाँकी १३ जना सम्पर्कमा नआएको तथा सम्पर्कमा आउन नचाहेकाहरू थिए। - दाउन्नेन्यूजवाट

# उपभोक्ताको २० प्रतिशत लागतमा गैंडाकोटमा नयाँ पिच सडक

गैंडाकोट ___________

गैंडाकोटमा नयाँ पिच सडकका लागि २० प्रतिशत उपभोक्ताहरूको लागत सहभागितामा गरिने भएको छ ।

नगर कार्यपालिकाको बैठकले गैँडाकोट नगरपालिका भित्र उपभोक्ताहरूको लागत सहभागितामा सञ्चालन हुने नयाँ पिच सडकका लागि योजनाहरूमा लाग्ने कुल लागतको न्यूनतम २० प्रतिशत उपभोक्ताहरूको लागत सहभागिता गर्ने निर्णय गरेको प्रमुख प्रशासकीय अधिकृत यामप्रसाद सुवेदीले जानकारी दिनुभयो । उपभोक्ताले चाहेको खण्डमा पिच सडकका लागि माग दावी सहित सहभागिता जनाउन सक्नेछन् ।

उपभोक्ताको तर्फबाट त्यो श्रमदान वा आर्थिक लागत पनि हुन सक्ने नगरपालिकाका पुर्वाधार विकास शाखा प्रमुख ईन्जिनियर राजु आर्यालले बताउनुभयो । त्यस्तै बैठकले ६०/४० को लागत सहभागिता भएको योजनाहरू उपभोक्ताबाट ४० प्रतिशत रकम नगरपालिकाको कोषमा जम्मा गरिसकेपछि मात्र योजनाको कार्य अगाडी बढाउने निर्णय समेत गरेको छ ।

प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य निर्देशनालय
**मध्यविन्दु जिल्ला अस्पताल**
गण्डकी प्रदेश ,नवलपरासी (ब.सु.पुर्व )

**पि.सि.आर. प्रयोगशालाको लागि आवश्यक पर्ने कन्जुमेवल आईटम र विभिन्न निशुल्क कार्यक्रमको लागि आवश्यक पर्ने सर्जिकल सामाग्रीहरु खरिद गर्न सिल कोटेशन आव्हानको सुचना ।**

**प्रथम पटक सुचना प्रकाशित मिति : २०७८/०५/३१**

यस अस्पतालको पि.सि.आर ल्यावको लागि कन्जुमेवल आईटम र विभिन्न कार्यक्रमहरु आमा सुरक्षा ,गरिव तथा विपन्न नागरिक , जेरियाट्रिक तथा नवजात शिशु कार्यक्रमको लागि आवश्यक पर्ने सर्जिकल सामाग्रीहरु सिल कोटेशनबाट खरिद गर्नुपर्ने भएकोले तपसिलको शर्तहरु पालन गर्ने गरी इच्छुक इजाजत प्राप्त विक्रेता ,फर्म वा कम्पनी तथा सप्लायर्स ,व्यवसायीहरुले सिलवन्दी कोटेशन पेश गर्नु हुन अनुरोध गरिन्छ।

**तपसिल**

शर्तहरु:

१. आ.व. २०७८/०७९ का लागि नविकरण भएको इजाजतपत्र दर्ता र मु.अ.कर दर्ता सहितको स्थायी लेखा नं. प्रमाणपत्र, आ.व.०७६।०७७ को करचुक्ता को प्रमाणपत्र वा नविकरण भएको प्रमाणपत्र पेश गर्नु पर्नेछ।
२. सिलवन्दी दरभाउपत्र प्रशताव खरिद तथा पेश गर्नको लागि तपशिल अनुसारको दरभाउपत्र दस्तुर रकम, उल्लेखित मिति र समयमा यस अस्पतालले तोकेको बैंक खातामा जम्मा गरेको बैंक भौचर पेश गर्नु पर्नेछ।
३. प्रशताव पेश गर्दा जमानत वापत राष्ट्रिय वाणिज्य बैंक कावासोति, कार्यालय कोड नं. ३५००२४६०१४ लेखी धरौटी खाता नं. ३२००१००२०२०३०००० मा जम्मा गरेको भौचर वा विड वोण्ड र फारम वापतको शुल्क राजश्व खाता नं. १०००२०००१०००० मा कार्यालयको कोड नं. ३५००२४६०१४ राजश्व शिषक १४२२९ लेखी जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नुपर्नेछ।
४.सिलवन्दी कोटेशन तपशिलमा उल्लेखित मिति र समयमा मध्यविन्दु जिल्ला अस्पतालको प्रशासन शाखामा अनिवार्य रुपमा पेश गर्नु पर्ने छ।
५. अस्पतालमा प्राप्त भएका सिल कोटेशन तपशिलमा उल्लेखित मिति र समयमा यस अस्पतालमा प्रश्ताव दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ। प्रतिनिधि उपस्थित नभएपनि प्रश्ताव पत्र खोल्न वाधा पर्ने छैन। सिल कोटेशन दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सोको भोलिपल्ट क्रमश उक्त कार्य हुनेछ।
६. प्रश्ताव पत्र दाताले कवोल गरेको प्रत्येक आइटमको दररेटलाई (मु.अ.कर बाहेक) अंक र अक्षरमा स्पष्टसँग उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा उल्लेखित दर रेटमा भिन्नता भएमा अक्षरलाई मान्यता दिइने छ।
७. अस्पतालले उपलब्ध गराइएको सिल कोटेशन दरभाउ पत्र फारममा प्रत्येकको मुल्य आइटम वाइज रुपमा अनिवार्य खुलाउनु पर्नेछ अन्यथा दरभाउपत्र स्विकृत गर्ने, नगर्ने अधिकार अस्पताल प्रशासनमा रहनेछ।
८. शर्त रहेको,रीत नपुगेको तथा म्याद नाघी आएको प्रश्ताव उपर कुनै कारवाही हुने छैन। एक फर्म वा सस्थाको नाममा खरिद गरिएको सिल कोटेशन दरभाउपत्र अर्को फर्मको नामवाट जम्मा गर्न पाईने छैन।
९.सिल कोटेशन प्रशतावको मुल्यांकन गर्दा टेन्डर न.०४/०७८-०७९ को सम्पुर्ण आईटमको एक मुष्ट रुपमा र टेन्डर न.०५/०७८-०७९ को आईटमवाईज रुपमा गरिनेछ।
.१०.सिलकोटेशन मुल्यांकन गर्दा अस्पतालले आवश्यक ठानेमा नमुना सामान माग गरि सो को आधारमा मुल्यांकन गर्न सक्नेछ।
११.सिल कोटेशनमा उल्लेखित सामानहरु आवश्यक्ता अनुसार पटक पटक वा एकमुस्ट रुपमा खरिद गरिनेछ।यसरी खरिद गरिने सामान थप आवश्यक्ता परेमा पुन खरिद गर्न परेमा पनि स्वीकृत टेन्डर दर रेटमा नै सामान उपलब्ध गराउनु पर्नेछ।
१२.सप्लाई गरिएका सामानहरु निरिक्षण एवं परिक्षण गर्दा सम्झौतामा उल्लेखित गुणस्तर वमोजिमका नभए सम्झौता रद्द गरिनेछ।
१३.सिलकोटेशन दाताले कवोल गरेको सिलकोटेशनमा तोकिएको परिमाण मापदण्ड अनुसार र समयमा सामान सप्लाई गर्न नसकेमा बजारवाट सिधै खरिद गरिनेछ।त्यसरी खरीद गर्दा सिलकोटेशनमा उल्लेख गरिएको मुल्य भन्दा वढी पर्न गएमा सिलकोटेशन दाताको धरौटी रकम वा भुक्तानी गर्न वाँकी रकमवाट असुलउपर गरिनेछ।
१४.फार्मेसी संचालन निर्देसिका अनुसार गठित थेराप्यूटिक समितिले आवश्यक्तानुसार गुणस्तरीयको आधारमा कुनै खास व्राण्डको औषधी/सर्जिकल सामान स्वीकृतिको लागि सिफारिस गर्न सक्नेछ।
१५. प्रश्ताव पत्र खरिद कारवाहिमा भाग लिन प्रचलित कानुन अनुसार अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहिमा आफ्नो स्वार्थ नवाभिएको वा व्यवसाय सम्वन्धि कसुरमा आफुले सजाय नपाएको भनि स्वयं घोषणा पेश गर्नुपर्नेछ।
त्यस्तो स्वयम घोषण सूचना प्रकाशित भएको मिति पछिको हुनु पर्नेछ।
१६ यसमा नपरेका अन्य कुराहरु सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६४ अनुसार हुनेछ।
१७ थप जानकारीको लागि यस अस्पतालको प्रशासन शाखामा वा फोन.न.०७८–४१८०४६ सर्म्पक राख्न सकिनेछ।

| ठेक्का न. | विवरण | धरौटी रकम रु. | राजस्व दस्तुर रु. | अनुमानित लागत रकम रु.( मु.अ.कर वाहेक ) | सिलकोटेशन खरिद गर्ने अन्तिम मिति | सिलकोटेशन दर्ता गर्ने अन्तिम मिति | सिल कोटेशन खोल्ने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ०४/०७८-०७९ | पि.सि.आर. प्रयोगशालाको लागि आवश्यक पर्ने कन्जुमेवल आईटम | २२,२०० | १००० | ८,८४,९३६.३ | २०७८/०६/१४ | २०७८/६/१५ १२:००वजे सम्म | २०७८/०६/१५ ३:०० वजे देखि | |
| ०५/०७८-०७९ | **सर्जिकल आईटम** | ४४,३०० | १००० | १७,६९,८७९.१७ | २०७८/०६/१४ | २०७८/६/ १५ १२:००वजे सम्म | २०७८/०६/१५ ३:०० वजे देखि | |

- अस्पताल प्रमुख

# गण्डकीमा नवलपुरे सांसदलाई फाईदै फाइदा



■ पोखरा ___________

दुई पटकको आम चुनावमा टिकट पाएर पनि जित्न नसकेका नेपाली कांग्रेसका नेता कृष्णचन्द्र नेपाली पोखरेलले २०७४ मा वाम गठबन्धनको रापतापका बीच गण्डकी प्रदेशको प्रदेशसभा सदस्य निर्वाचित भए ।

नवलपरासीको बर्दघाट सुस्ता पूर्वको निर्वाचन क्षेत्र १ (क) बाट जम्मा ३ सय ८२ मतान्तरले चुनाव जितेका उनी कांग्रेस संसदीय दलको नेता हुँदै मुख्यमन्त्री बने । साबिकको नेपाल कम्युनिस्ट पार्टी ( नेकपा)को एकता खारेज भएर एमाले र माओवादी केन्द्र पुनर्स्थापित भएसँगै प्रदेश सरकार संकटमा पऱ्यो ।

नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी, राष्ट्रिय जनमोर्चा र एकजना स्वतन्त्र सांसदको गठबन्धनले पोखरेलाई मुख्यमन्त्री बनायो । त्यसयता गण्डकी प्रदेशमा नवलपुरका सांसदले एकपछि अर्को अवसर पाएका छन् ।

पोखरेलको हातमा सिंगो प्रदेशकै बागडोर हुँदा अर्का सांसद ओमकला गौतम कांग्रेस संसदीय दलको सचेतकको जिम्मेवारी पाइन् । बागलुङ्का मणिभद्र शर्मा सरकारको पर्यटनमन्त्री भएपछि नवलपुरकी गौतमलाई प्रमुख सचेतकमा गौतम पुगिन् ।

संसदीय समितिहरूको सभापति हेरफेर हुँदा पनि नवलपुरका सांसद हावी भएका छन् । गण्डकी प्रदेश सभामा पेश हुने र भएका सबै विधेयकहरूको दफादार छलफल गर्ने अधिकार पाएको विधायन समितिको सभापति कांग्रेस सांसद विष्णु लामिछाने बनेका छन् ।

विधायन समितिमा स्याङ्जाका मोहन रेग्मी थिए । एमाले प्रतिपक्षमा पुगेपछि सार्वजनिक लेखा समितिको सभापति उसले लिने भयो र विधायन समिति छाड्ने भयो । लेखा समितिको सभापति प्रमुख प्रतिपक्षलाई दिने संसदीय अभ्यास छ । अहिले प्रतिपक्षीमा एमाले छ । एमालेका रोशन गाहामगर सार्वजनिक लेखा समितिको सभापति बन्दा विधायन समितिको सभापति कांग्रेसले लियो, जसको सभापति नवलपुरका लामिछाने भए ।

६० सदस्यीय प्रदेशसभामा नवलपुरका ६ सांसद छन्, जसमध्ये ४ जनाले थप जिम्मेवारी पाएका छन् । सांसदले ५२ हजार २ सय सुविधा प्राप्त गर्दा समिति सभापतिले गाडी, इन्धन लगायतका सुविधासहित ५६ हजार ८ सय ४० रूपैयाँ पाउँछन् ।


Study in
JAPAN



Complete Solution to Study in Japan
- PAY AFTER VISA - QUALITY EDUCATION
- HIGH VISA SUCCESS RATE
- BELIEVED BY MORE STUDENTS
- SERVICING SINCE LAST 9 YEARS
- LOCATED AT CENTRE OF KAWASOTI
- +2, BACHELOR, MASTERS CAN APPLY
- HIGH NAT-TEST PASSERS RATE FROM HERE
- NAT-TEST/JLPT/TOP-J/GNK TEST PREPARATION
- FIRST EDUCATIONAL CONSULTANCY IN NAWALPARASI

NOMIKIRAN LANGUAGE ACADEMY
Purano BALIKHINA LANGUAGE ACADEMY
ノミキラン バリキナ 日本語学院
Kawasoti, Thanachowk, N.P.
Way To Lumbini College
Mob. 9847435285
☎ 078-541076
नेपाल सरकार शिक्षा मन्त्रालयबाट मान्यता प्राप्त
Email:- gnshthp@gmail.com